**अजयमेरुगाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**भद्रपुर, प्रदेश नं. ७, नेपाल**

मिति : २०७५/०३/०४

## संक्षिप्त सूचीको लागिआवेदन पेश गर्ने वारेको सूचना
## (प्रथम पटक प्रकाशितमिति २०७५/०३/०४)

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्नद्विपक्षिय सम्झौताअनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना(Rural Village Water Resources Management Project - RVWRMP)को सहयोगमा सञ्चालितहुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी सँस्थाहरुको संक्षिप्त सूचीतयार गर्नुपर्ने भएकोले देहायवमोजिम योग्यतापुगेका इच्छुक गैह्रसरकारी सँस्थाहरुवाट आवेदन आव्हान गरिएको छ।

**शर्तहरुः**

१. आवेदनगर्ने संस्था संस्थादर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक“गैह्र सरकारी संस्था”को रुपमादर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्बन्धित कर कार्यालयवाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ। आवेदन फाराम खरिद गर्दा यी कागजातहरु र आवेदन दस्तूर तिरेको सक्कलभौचर पेश गर्नुपर्नेछ। मूल्यअभिवृद्धि करमादर्ता भएका संस्थाले समेत आवेदनगर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापतकुनै रकमभुक्तानीगर्नेछैन।
२. आवेदनफारम रु ३०००।- (पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिको कार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई डडेल्धुरा र परियोजना सहयोग इकाई डडेल्धुराबाट प्राप्तगर्न सकिनेछ। आवेदन दस्तूर यस कार्यालयको राजश्व शाखामा बुझाउनुपर्नेछ। आवेदन फाराम गाउँकार्यपालिकाको कार्यालय भद्रपुर डडेल्धुरामा मा बुझाउन सकिनेछ।
३. आवेदनगर्ने संस्था ग्रामीण क्षेत्रमाजलस्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजनाकार्यान्वयन(Scheme Implementation)वाअन्य सामुदायिकविकास कार्यमाकम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभवभएको हुनुपर्नेछ।
४. संक्षिप्त सूचीको लागिप्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिनभित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ। आवेदनबुझाउने अन्तिमदिन सार्वजनिकविदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनआवेदनबुझाउन सकिनेछ।
५. संक्षिप्त सूचीको लागिमूल्याङ्कनगर्दा परियोजनाको स्वीकृत निर्देशिकाबमोजिमगरिनेछ र निर्धारित योग्यताहासिल गरेका संस्थाहरुमध्येवाट तीनवटा संस्थाहरुलाई प्राप्ताङ्कको योग्यताक्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ।
६. संक्षिप्त सूचीमा पर्न सफल सँस्थाहरुको सूचीगाउँकार्यपालिकाकार्यालयको सूचना पाटी र परियोजनाप्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ।
७. रित नपुगीआएको वाम्याद नाघी प्राप्तभएको आवेदनउपर कुनै कार्यवाहीहुनेछैन।
८. कुनै कारण जनाई वा नजनाई प्राप्तआवेदनहरु पूरै वा आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजना व्यवस्थापन समितिमा रहेको छ।
९. अन्य कुराहरु ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भएबमोजिमहुनेछ।
१०. थपजानकारी यस कार्यालयबाट प्राप्तगर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत